# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## स्तर निर्धारण तथा सम्बन्धन महाशाखा, सानोठिमी, भक्तपुरको
## आवेदन/प्रस्ताव अद्यावधिक गर्ने बारेको सूचना ।

प्रथम पटक प्रकाशित मिति २०७६/७/२२

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्‌बाट मिति २०६९/२/२९ गते प्रकाशित सूचना बमोजिम डिप्लोमा/प्रमाण-पत्र तहका कार्यक्रमहरु सञ्चालनका लागि प्रस्तावना पेश गरी मिति २०७१/४/२ गते प्रकाशित सूचना अनुसार स्थलगत निरिक्षण शुल्क दाखिला गरेका संस्थाहरुमध्ये स्वास्थ्य बाहेकका कार्यक्रमहरुको आवेदन/प्रस्ताव अद्यावधिक गर्नुपर्ने भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्था दर्ता गरेको निकायबाट २०७७ आषाढ मसान्तसम्मको संस्था नविकरण प्रमाणपत्र र आ.ब.२०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र संलग्न गरी कार्यक्रम अद्यावधिकका लागि निवेदन पेश गर्नुहुन अनुरोध छ । स्थलगत निरीक्षण भएका संस्थाहरु बाहेक कार्यक्रम अद्यावधिक गर्न नचाहने संस्थाहरुले स्थलगत निरीक्षण शुल्क तिरेको रकम फिर्ता लिन चाहेमा सक्कल रसिद सहित निवेदन पेश गर्नुपर्ने व्यहोरा जानकारी गराइन्छ । कार्यक्रम अद्यावधिक गर्दा तपसिल बमोजिम गर्न सकिने व्यहोरा अनुरोध छ ।

- प्रस्तावना पेश गरेका दुई वा दुईभन्दा बढी संस्थाहरु एकआपसमा समायोजन हुन चाहेमा तोकिएको मितिभित्र निवेदन दिनुपर्नेछ ।
- आवेदन/प्रस्ताव अद्यावधिक नगराउँने र तोकिएको समयमा स्थलगत निरीक्षण फिर्ता नलिने संस्थाहरुको आवेदन/प्रस्तावना स्वतः रद्ध हुनेछ ।
- पहिला स्थलगत निरीक्षण भएका संस्थाहरुले समेत अद्यावधिक गराउँनुपर्नेछ र स्थलगत निरीक्षण भइसकेका संस्थाहरुको स्थलगत निरीक्षण शुल्क फिर्ता हुनेछैन ।
- आवेदन/प्रस्ताव अद्यावधिक गराउँदा पेश गरेका संस्थाहरुको नाम परिवर्तन भएका खण्डमा र संचालक समिति परिवर्तन भएको खण्डमा सोको प्रमाण सहित जानकारी गराउँनुपर्ने छ ।
- प्रस्ताव पेश गरेका निजी संस्थाहरुले गैह्र नाफामूलक प्रतिष्ठान, सार्वजनिक गुठी, सहकारी जस्ता सेवामूलक संस्थाहरुको रुपमा नामसारी हुन चाहेमा निजी संस्था सम्बन्धन स्वीकृति ढाँचामा रहने गरी सोहि मितिभित्र निवेदन दिनु पर्नेछ ।

माथि उल्लेखित व्यहोराको प्रमाण सहित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को कार्यालय, सानो ठिमी, भक्तपुरमा मिति २०७६ मंसिर ६ गते कार्यालयको समयभित्र पेश गरिसक्नुपर्नेछ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**
**सानोठिमी, भक्तपुर । फो.नं. ०१-६६३०४०८**